## १. आर्थिक विकास तथा रोजगार नीतिः

### क) कृषि तथा खाद्य नीतिः

क. "**मेहनती किसानको सम्मान, उत्पादनमा आधारित प्रोत्साहन अनुदान**" भन्ने नाराका साथ कृषकहरुलाई कृषि उपजको उत्पादनको परिमाणका आधारमा प्रोत्साहन अनुदान प्रदान गरिनेछ र सो को संचालनका लागि कार्यविधि निर्माण गरिनेछ ।

ख. कृषक, कृषक फर्म, कृषक समूह, कृषि सहकारीहरुलाई बीउ बिजन, कृषि यन्त्र उपकरण, कृषि, सामग्री तथा पूर्वाधार निर्माणमा सहयोग गरिनेछ ।

ग. साना सिचाई आयोजना मार्फत सिचाई कुलो तथा पोखरी निर्माण गरी सिचित जग्गाको क्षेत्रफलमा बिस्तार गरिनेछ ।

घ. "स्वस्थ माटो र बाली, सुरक्षित खाद्य प्रणाली" भन्ने नाराका साथ माटोको स्वास्थ्यमा सुधार ल्याउने गतिबिधिहरु जस्तै माटो परिक्षण शिबिर, गड्यौला मल, बोकासी मल, हरियो मलको प्रदर्शनी, उत्पादन र प्रयोगमा जोड दिइनेछ ।

ङ. स्वस्थ बाली उत्पादनलाई बढावा दिदै असल कृषि अभ्यासहरुको प्रबर्द्धनमा जोड दिनेछ । जैविक तथा वानस्पतिक विषादीहरुको प्रयोगलाई बढाउदै लगिनेछ भने रासायनिक विषादीको प्रयोगलाई निरुत्साहित गरिनेछ ।

च. बिपन्न एकल महिला, दलित, अपांग, जनजाती, गर्भवती महिला आदिलाई गुणस्तरीय बिउबिजन तथा कृषि सामग्रीमा सहयोग गरिनेछ । साथै पोषण मैत्री पालिका निर्माणका लागि पोषण बगैचा निर्माणका कार्यक्रमहरु संचालन गरिनेछन ।

छ. कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषक उपभोक्ता समूह आदिहरुको तथ्यांक संकलन गरी पालिकाको कृषि प्रोफाइल तयार गरिनेछ र प्राप्त तथ्यांकका आधारमा कृषि विकास रणनीति एबम योजनाहरु तयार गरिनेछ ।

ज. कृषक समूहहरुको संचालन तथा व्यवस्थापन गर्नका लागि कार्यविधि निर्माण गरि समूह मार्फत चक्लाबन्दी खेती प्रणालीलाई शशक्त बनाइनेछ ।

झ. रैथाने बाली बस्तुहरुको संरक्षण तथा प्रबर्द्धन गरी उत्पादनमा वृद्धि हुने खालका गतिविधिहरु सञ्चालन गरिनेछ भने ती बस्तुहरुको बजारीकरणमा सहयोग गरिनेछ ।

ञ. "कृषि ज्ञान र प्रविधिको विस्तार, कृषि विकासको आधार" भन्ने नाराका साथ कृषि संग सरोकार राख्नेहरुलाई कृषि प्रसारका माध्यमबाट नविनतम प्रबिधि एबम ज्ञान सिप अभिवृद्धि सम्बन्धि क्रियाकलापहरु जस्तै कृषि बाली तथा नविनतम प्रविधिको प्रदर्शनी, घुम्ती बाली उपचार शिबिर, घुम्ती तालिम आदि संचालान गरिनेछन ।

ट. कृषि बालीको उत्पादनमा हुने जोखिम न्यूनीकरण गर्नका लागि प्रत्येक वडामा **कृषि बिमा गरौ भन्ने अभियान** संचालन गरिनेछ ।

ठ. भगवतीमाई गाउँपालिका भित्र रहेका कृषि योग्य बाँझो जग्गाहरुको लगत राखी तिनिहरुको उपयोग गर्नको लागि प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ।

ड. कृषि हाटबजार, संकलन केन्द्र र चिस्यान केन्द्रको संचालन एवम व्यवस्थापन गरि कृषि उपजको बजारीकरणमा सहयोग पुर्याईनेछ ।

ढ. कृषि तथा पशुपन्छी व्यवसायमा संलग्न कृषकहरुको सीप तथा उद्धमशिलता विकासका लागि सीप विकास तालिमहरु संचालन गर्ने र निजहरुलाई अनुदान प्रदान गरि पालिकामा कम्तिमा १० जना नमुना कृषि उद्धमी तयार गरिनेछ ।

ण. कृषि कार्यक्रमहरुको संचालन, कार्यान्वयन तथा अनुगमन कार्यहरु बिभिन्न सरकारी, गैर–सरकारी तथा निजि संस्था, कृषक उद्धमीहरुको सहकार्य तथा समन्यवमा संचालन गरि थप प्रभावकारी बनाईनेछ ।

ख) **पशुपंछी नीतिः**

क. "घरदैलोमा प्राविधिक सेवा व्यवसायीकरण गरि पशुपंन्छीजन्य उत्पादनमा टेवा" पुर्याउने भने मान्यतालाई आत्मसाथ गर्दै कृषकहरुको गोठ गोठमा पुगि प्राविधिक परामर्श तथा पशुको स्वास्थ्य परिक्षण गरि पशुपंन्छीमा लाग्ने सरुवा रोग निदानको लागि आधारभूत प्रयोगशाला सेवालाई गुणस्तरीय सेवामा परिणत गरि विस्तार गरिनेछ।

ख. "मेरो स्थानिय तह, मेरो दायित्व" भन्ने नारालाई आत्मसाथ गर्दे वैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई रोजगारी सिर्जनाको लागी युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरी युवाको शिप तथा क्षमताको आधारमा मुल्याङ्कन गरि प्रोत्साहनको व्यवस्था गरिनेछ ।

ग. बाख्रा, भैँसी, बंगुर, कुखुरा, कालिज तथा माछापालनका लागि उत्पादन वृद्धि र ग्रामीण आर्थिक सशक्तिकरणलाई लक्षित गर्दै विशेषीकृत उत्पादन क्षेत्र (पकेट क्षेत्र) पहिचान गरि त्यस अनुसार छुट्टाछुट्टै कार्यक्रमलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ ।

घ. गाउँपालिकाभित्र कुकुरको संख्यामा नियन्त्रण गरी रेबिज रोगको न्यूनीकरण गर्ने उद्देश्यले कुकुरको बन्ध्याकरण (spaying/neutering), खोप लगाउने कार्यक्रमलाई निरन्तरता दिई स्थानीय तहमै प्रभावकारी "समुदाय–मैत्री कुकुर व्यवस्थापन कार्यक्रम" सञ्चालन गरिनेछ ।

ङ. पशु सेवा आधारभूत प्रयोगशाला सुविधा स्थापना गरी नियमित रुपमा पशु स्वास्थ परीक्षण तथा रोग पहिचान सेवा सञ्चालन गरिनेछ ।

च. पशुपालक कृषकहरुलाई रोग नियन्त्रण र उपचारमा सहज पहुँच सुनिश्चित गर्न आवश्यक पशु औषधिहरु खरिद गरी निःशुल्क वा सहुलियत दरमा वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ, जसबाट पशु स्वास्थ्य सुधार र उत्पादन क्षमतामा वृद्धि गरिनेछ ।

छ. उत्पादनशिलता अभिवृद्धि, नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई मिशनको रुपमा विस्तार गरी गाउँपालिकाभरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

ज. वडास्तरमा मासिक रुपमा "घुम्ती पशु सेवा शिविर" सञ्चालन गरी दुर्गम क्षेत्र, वृद्ध, अशक्त तथा पहुँच विहीन कृषकलाई घरदैलो सेवा प्रदान गरिनेछ ।

झ. बाख्रा श्रोत केन्द्रको पुनर्स्थापना तथा शुद्धीकरण गरी सम्बन्धित शाखा/सेवा केन्द्रबाट रेखदेख गर्ने व्यवस्था मिलाइनेछ।

ञ. स्थानीय स्तरमै सजिलै उत्पादन गर्न सकिने घाँस, भूँइघाँस, डाले घाँस, नेपिएर घाँस आदिको खेति प्रवर्द्धन गर्न बिउ वितरण, नमूना घाँस खेति प्रदर्शन तथा घाँस संरक्षण तालिम सञ्चालन गरिनेछ।

ट. आकस्मिक तथा महामारीजन्य पशु रोगहरु नियन्त्रण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ जसमा कृषि तथा पशु सेवा केन्द्रको समन्वय रहनेछ ।

ठ. पशु सेवा प्राविधिकको क्षमता अभिवृद्धिका लागि उन्नत प्रजनन प्रविधि, औषधि प्रयोग, कृत्रिम गर्भाधान, समय व्यवस्थापन जस्ता विषयमा तालिम तथा कार्यशाला सञ्चालन गरिनेछ ।

ड. कृषकले उत्पादन गरेका पशुपन्छीजन्य वस्तुको ढुवानी सहज होस् भनी दिइएको अनुदानलाई अझ प्रभावकारी बनाउन कार्यविधि निर्माण गरि निरन्तरता दिइनेछ ।

ढ. प्रत्येक वडामा पशुपालक कृषक, जनप्रतिनिधि र पशु प्राविधिकबीच मासिक समन्वय बैठक बस्ने अभ्यास विकास गरिनेछ जसबाट रोग, सेवा र बजार समस्या समाधानमा सहयोग पुग्नेछ।

ण. पशुमा देखिने रोगको प्रारम्भिक पहिचान, प्रकोपको निगरानी, अनुसन्धान तथा नियन्त्रणका लागि नियमित स्वास्थ्य अनुगमन, नमुना संकलन र विश्लेषण गरिनेछ साथै जोखिमयुक्त क्षेत्रहरुमा पूर्वतयारी सहित खोप कार्यक्रम सञ्चालन गरिनेछ । यसबाट रोगको फैलावट नियन्त्रण गरी पशुपालन व्यवसायलाई सुरक्षित र दिगो बनाइनेछ ।

त. पालिकामा संचालित एग्रोभेटहरुको दर्ता, औषधीको म्याद र प्रतिबन्धित औषधीहरुको नियमन पशु सेवा केन्द्रबाट त्रैमासिक रुपमा अनुगमन गरिनेछ ।

थ. यस पालिकामा व्यवसायिक रुपमा कृषि गरिरहेका अगुवा कृषक पहिचान गरी उनीहरुको पशुपक्षी तथा मत्य क्षेत्रमा रहेको ज्ञान, शिप तथा अनुभवलाई आत्मसात गर्दै सम्मान गरिनेछ।

द. खर्क क्षेत्रको व्यवस्थापन गर्नको लागि ५० प्रतिशत अनुदानमा घासको बिउ बेर्ना वितरण कार्यलाई निरन्तरता दिदै पशुको पोषण अवस्थालाई सुधार गरी कृषकलाई प्रोत्साहन गरिने छ।

## ग) उद्यमशिलता प्रवर्द्धन तथा रोजगार नीति

क. भगवतीमाई गाउँपालिका क्षेत्र भित्र उद्यम गरिरहेका परम्परागत तथा स्थानीय व्यवसायिहरुको सीप उपयोग तथा विकासका लागि प्रोत्साहित गर्ने र नव प्रविधिको विकास र प्रर्वद्धन गरि गाउँपालिकामा खपत हुने वस्तु र सेवाको उत्पादन र बजारीकरण गर्ने नीति अवलम्बन गरिने छ ।

ख. भगवतीमाई गाउँपालिका र साझेदार संस्थाहरुले सञ्चालन गर्ने उद्यमशिलता सम्बन्धी तालिमहरुलाइ एकिकृत प्रणालीबाट सञ्चालन गरिनेछ ।

ग. भगवतीमाई गाउँपालिका भित्र सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्न समुहमा प्रविधि हस्तान्तरण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

घ. जुनसुकै क्षेत्रमा काम गर्ने श्रमिकहरुलाई श्रम ज्याला सुनिश्चिता गरिने छ ।

ङ. प्रधानमन्त्री रोजगार, मुख्यमन्त्री रोजगार र श्रम रोजगार बैंक कार्यक्रम मार्फत "एक घर, एक रोजगार" नीति अवलम्वन गरिने छ ।

च. बेरोजगार यूवाहरुलाई विदेशिनबाट रोक्नको लागि नीजि क्षेत्रसंगको सहकार्य र समन्वय गरि रोजगारिका अवसरहरु सिर्जना गर्न पहल गरिने छ ।

छ. गाउँपालिकाले रोजगारीका अवसरहरु निर्धारण गर्दा नेपाल सरकारको लिएको आरक्षण व्यवस्थालाई पालिकाले पनि अवलम्वन गर्ने छ ।

ज. स्थानीय उत्पादनलाई प्रोत्साहन गर्नका लागि उद्योगबाट उत्पादित वस्तुहरुको औद्योगिक मेला सँचालन गरिने छ ।
झ. वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको सीप,क्षमता पहिचान गरि उद्यमी सिर्जना गरि स्वरोजगार बनाइनेछ ।
ञ. रोजगार सिप विकास तथा उद्यमशिलता प्रवर्दन सम्बन्धि कार्यक्रमका लागि लागत साझेदारीको व्यवस्था गरि स्रोत परिचालनको सुनिश्चतता गरिनेछ ।
ट. स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन गरिनेछ ।
ठ. उद्यमशिलता विकास, सीप विकास तालिम र स्वरोजगार सिर्जना मार्फत युवालाई स्थानिय स्तरमै रोजगारिका अवसर उपलब्ध गराइनेछ ।
ड. स्थानीय उत्पादनको बजार ब्यव्थापन, ब्रान्डिङ र बजारीकरणमा सहयोग गरिनेछ ।
ढ. मिहला, दलित, विपन्न तथा युवा उद्यमीलाई प्राथमिकता दिई समावेशि औद्यवगिक विकास अघि बढाइनेछ ।

## घ) उद्योग तथा व्यापार नीतिः

क. पुराना उद्यमीहरुको स्तरोन्नती र नयाँ उद्यम शिलताको माध्यमबाट नयाँ उद्यमी सिर्जना गरि रोजगारी सिर्जना गरिने छ ।
ख. उद्यमीको प्रवर्द्धन, नियमन तथा अनुगमन गर्ने नीति लिइने छ ।
ग. स्लेट खानी व्यवस्थित रुपमा सञ्चालन गर्न सर्वेक्षण गरी स्लेटसँग सम्बन्धित उद्योग सञ्चालन गर्ने सरकारी, साझेदारी वा निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहन गरिने छ ।
घ. भगवतीमाई गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका व्यापार व्यवसायहरुलाई अनिवार्य रुपमा गाउँपालिकामा दर्ता गरि व्यापार व्यवसायहरुको प्रवर्द्धन गरिनेछ ।
ङ. परम्परागत घरेलु उद्योगलाई पर्वद्धन गरिने छ ।

## ङ) पर्यटन नीतिः

**क**. यस गाउँपालिकाको पर्यटन पवर्द्धन गरी स्थानीय जनताको जीवनस्तर उकास्न पर्यटन पूर्वाधारको निर्माण, सम्वर्द्धन र विस्तार गर्ने कार्यलाई प्रथामिकता दिइनेछ ।
**ख**. भगवतीमाई गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरुको विभिन्न माध्यमबाट प्रचार प्रसार गरिनेछ ।

## च) भूमी, सहकारी तथा वित्तीय नीतिः

क. यस भगवतीमाई गाउँपालिकाबाट भूमिहीन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनका लागि भूमि समस्या समाधान आयोगसँग समन्वय तथा सहकार्य गरी जग्गा उपलब्ध गराउने कार्यमा तिब्रता दिइनेछ।
ख. भगवतीमाई गाउँपालिकाको भू-उपयोग नीति कार्यान्वयनमा ल्याइने छ ।
ग. "समृद्धिको लागि सहकारी अभियान"लाई सफल बनाउन सहकारी संस्थाहरुको अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाईनेछ।सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

२. **सामाजिक विकास नीतिः**

## क) शिक्षा, युवा तथा खेलकुद शाखा निति

१. हाल भगवतीगाउँ गाउँपालिका भित्र कार्यरत कार्यरत बालविकास सहजकर्ता, विद्यालय सहायक र विद्यालय सहयोगी कर्मचारीहरुको न्यूनतम पारिश्रमिक लाई निरन्तरता दिइनेछ ।

२. विद्यालयका प्रधानाध्यापक सँग शैक्षिक सत्र २०८२ को लागि कार्यसम्पादन सम्झौता गरी शैक्षिक सूचकका आधारमा विद्यालयको अनुगमन र मुल्याङ्कनलाई प्रभावकारी बनाइनेछ ।

३. आधारभूत तह (१-५) मा विद्यार्थी संख्या र भुगोलका आधारमा आधारभूत तह (६-८) र माध्यमिक तह (९-१०) मा विषयगत आधारमा सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यलाई अधि बढाइनेछ ।

४. गाउँपालिकामा खेल प्रतिभा प्रस्फुटनको वातावरण निर्माण गर्न विविध खेलकुद तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरिने साथै उत्कृष्ट प्रतिभा प्रर्दशन गर्ने खेलाडी र विद्यालयलाई पुरस्कृत गरिनेछ । सहभागी विद्यालयहरुलाई अनुदानका साथै विद्यालयलाई खेल सामाग्री उपलब्ध गराइनेछ ।

५. बालविकास सहजकर्ता, शिक्षक तथा कर्मचारीहरुको पेसागत क्षमता विकासका तालिम,एकीकृत शैक्षिक सुचना व्यवस्थापन प्रणाली, सूचना प्रविधि सम्बन्धि क्षमता अभिवृद्दि लगाएतका तालिम र कार्याशाला गोष्ठिहरु सञ्चालन गरिनेछ ।

६. विद्यालयको दैनिक प्रशासनिक कार्यलाई प्रभावकारी बनाउनको लागी **"एक विद्यालय, एक ल्यापटप र प्रिन्टर"** वितरण गरिनेछ । साथै माध्यमिक तह र आधारभूत तह सञ्चालित सामुदायिक

विद्यालयहरुमा E-Attendance Biomatric Device जडान गरिनेछ ।

७. विद्यालयहरुमा बालविकास कक्षा लगायत बालवालिकाहरुको बालमैत्री बसाई व्यवस्थापन तथा शिक्षा क्षेत्रका विविध पक्षमा कार्य गर्नको लागि विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थासँग साझेदारीका कार्यक्रमहरु अधि बढाइनेछ ।

८. आधारभूत तह कक्षा ५ र ८ को परीक्षालाई मर्यादित र व्यवस्थित बनाउनको लागि विशेष प्रक्रिया

   a. अपनाई अधि बढिनेछ र गाउँपालिकामा नै उत्तरपुस्तिका परीक्षणको कार्य अधि बढाइनेछ ।

९. विद्यालयस्तरमा तनाव व्यवस्थापन, आत्महत्या रोकथाम लगायत मानसिक स्वास्थ्य तथा मनोसामाजिक सु-स्वास्थ्य स्थापनार्थ विभिन्न सचेतनात्मक मनोशिक्षा, मनोसामाजिक सहयोग, मनोसामाजिक परामर्स एवमं प्रवद्धधनात्मक क्रियाकलापहरु संचालन गरिनेछ ।

१०. विद्यालयमा हुने मास कन्भर्जन, माक्स डिसअडर रोकथाम एवमं प्रतिकार्य गर्नका निम्ति विद्यालयका शिक्षकहरुलाई तालिम दिई द्रुत प्रतिकार्य समुह **(Quick Response Team )** बनाई परिचालन गरिने छ ।

११. भगवतीमाई गाउँपालिका भित्र सञ्चालित विद्यालयका प्रधानाध्यापकलाई नियमित प्रधानाध्यापक बैठक उपस्थित भए वापत बैठक भत्ता तथा यातायात भत्ताको व्यवस्था गरिनेछ साथै मासिक प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

१२. भगवती गाउँपालिका भित्र शैक्षिक एकरुपता कायक राख्नको लागि शैक्षिक क्यालेण्डरका, एकीकृत शैक्षिक व्यवस्थापनको

सूचना प्रणालीको आधारमा शैक्षिक बुलेटिनका साथै शैक्षिक प्रोफाइल प्रकाशन गरिनेछ ।

१३. सामुदायिक विद्यालयको शैक्षिक सुधार अभियान अन्तर्गत विभिन्न जिल्लामा अब्वल मानिएका सामुदायिक विद्यालयका भम्रण गरिनेछ साथै त्यस्ता विद्यालयमा भएका असल अभ्यासहरुलाई छत्रेश्वरी गाउँपालिका भित्र लागु गरी विद्यालय शिक्षामा सुधार ल्याउने कार्यक्रम तय गरिनेछ ।

**ख)** **जनस्वास्थ्य नीतिः**

**१. मातृ तथा शिशु स्वास्थ्य सुधार**

- **नीति**: सुरक्षित मातृत्वलाई सुनिश्चित गर्दै मातृ तथा शिशु मृत्युदर न्यूनीकरणलाई उच्च प्राथमिकतामा राखिनेछ।
- **कार्यक्रमहरू**:
    - संस्थागत सुत्केरीलाई प्रोत्साहन गर्न र मातृ सुरक्षा सुनिश्चित गर्न सुत्केरी महिलाहरूलाई **२४ घण्टे सुत्केरी स्याहार खर्च** उपलब्ध गराइनेछ।
    - गर्भवती महिलाहरूको स्वास्थ्य र पोषणमा सुधार ल्याउन **निःशुल्क क्याल्सियम चक्की** वितरण कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
    - सुरक्षित प्रसूति सेवाको पहुँच सुनिश्चित गर्न स्थानीय स्तरका **बर्थिङ सेन्टरहरूको मर्मत, सुधार र स्तरोन्नति** गरिनेछ।

**२. गम्भीर तथा दीर्घकालीन रोग उपचार सहायता**

- **नीति**: विपन्न तथा गम्भीर प्रकृतिका रोग लागेका नागरिकहरूलाई राज्यको तर्फबाट आवश्यक आर्थिक तथा स्वास्थ्य संरक्षण प्रदान गरिनेछ।
- **कार्यक्रमहरू**:
    - **मृगौला प्रत्यारोपण गरेका, डायलासिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका बिरामीहरूलाई** सहज जीवनयापनका लागि **औषधी उपचारबापतको मासिक सहायता/खर्च** निरन्तर रूपमा उपलब्ध गराइनेछ।
    - विभिन्न गम्भीर प्रकृतिका रोग वा महामारीबाट **संक्रमित नागरिकहरूको लागि विशेष उपचार सहायता** प्रदान गरिनेछ।

**३. महिला स्वास्थ्य स्वयंसेविका परिचालन तथा प्रोत्साहन**

- **नीति**: समुदाय स्तरमा स्वास्थ्य जनचेतना र सेवा प्रवाहमा महत्वपूर्ण भूमिका खेल्ने महिला स्वास्थ्य स्वयंसेविकाहरूको मनोबल उच्च राख्दै क्षमता अभिवृद्धि गरिनेछ।
- **कार्यक्रमहरू**:

- स्वयंसेविकाहरूको योगदानको कदर गर्दै **महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन खर्च**को व्यवस्था गरिनेछ।
- समुदायस्तरमा हुने स्वास्थ्य अभियान तथा अनुगमनलाई प्रभावकारी बनाउन आवश्यक **स्वयंसेविका भ्रमण खर्च** उपलब्ध गराइनेछ।

**४. अत्यावश्यक औषधी व्यवस्थापन तथा आपूर्ति**

- **नीति**: नागरिकको आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न अत्यावश्यक औषधी र खोपको नियमित तथा सुरक्षित आपूर्ति गरिनेछ।
- **कार्यक्रमहरू**:
  - सबै सरकारी स्वास्थ्य संस्थाहरूमा वितरण हुने **आधारभूत तथा निःशुल्क औषधीको समयमै खरिद तथा ढुवानी** गर्ने व्यवस्था मिलाइनेछ।
  - खोप अभियानलाई शतप्रतिशत सफल बनाउन सुरक्षित भण्डारण (Cold Chain) सहित **औषधी तथा भ्याक्सिन ढुवानी** कार्यलाई व्यवस्थित गरिनेछ।

**५. समावेशी स्वास्थ्य तथा लक्षित वर्ग कार्यक्रम**

- **नीति**: स्वास्थ्य सेवामा पछाडि पारिएका तथा सीमान्तकृत समुदायको समान पहुँच र अपनत्व स्थापित गरिनेछ।
- **कार्यक्रमहरू**:
  - समाजमा रहेका **लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक** समुदायको स्वास्थ्य अधिकार र आवश्यकतालाई सम्बोधन गर्न विशेष जनचेतनामूलक तथा लक्षित स्वास्थ्य **कार्यक्रम** सञ्चालन गरिनेछ।

**ग) संस्कृति प्रवर्द्धन नीतिः**

क. परमपरागत लोक कला संस्कृति, जात्रा, मेला पर्वको संरक्षण, सम्वर्द्धन र विकास गर्नको लागि आवश्यक पहल गरिनेछ ।

**घ) लैंगिक समानता तथा सामाजिक समावेशिकरण नीतिः**

क. अपाङ्गता भएका बालबालिकाहरुका लागि **School at Home** कार्यक्रम साझेदार संस्था र गाउँपालिकाको साझेदारीमा सञ्चालन गरिनेछ।

ख. बालमैत्री स्थानीय शासन पद्धती कार्यान्वयनका लागि यो आर्थिक वर्षमा वडा नं. ३ मेहेलतोली र वडा नं. ४ जगनाथलाई लाई बालमैत्री वडा घोषणा गरिनेछ।

ग. ६० वर्ष देखि ६८ वर्ष मुनिका एकल तथा विदुर पुरुष (अन्य कुनै प्रकारको सुविधा प्राप्त नगरेको) र ५० देख ६० वर्ष उमेर समूहका एकल महिलालाई मासिक रुपमा दिदै आएको रु. २००० (अक्षरुपी दुई हजार मात्र) जीवन निर्वाह भत्तालाई निरन्तरता दिइनेछ।

घ. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सरल र सहज बनाउनको लागि बैंक सँगको सहकार्यमा वडा कार्यालयबाट भत्ता वितरण गर्ने कार्यलाई निरन्तता दिइनेछ।

ङ. बालमैत्री स्थानीय शासन पद्धतिको कार्यान्वयनका लागि सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

च. सामाजिक न्याय, सामाजिक समानता र समता, सामाजिक सुरक्षा तथा संरक्षणको माध्यमबाट सामाजिक र आर्थिक रुपमा पछाडी परेका वर्ग समुदाय र जातिको उत्थान गर्ने नीति लिइनेछ।

छ. अनाथ र असहाय बालबालिकाहरुको लागि पालिकास्तरमा रहेको "बाल उद्दार कोष" को रकमलाई वृद्धि गरी प्रभावकारी रुपमा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

ज. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एंव लैंगिक तथा यौनिक अल्पसंख्यकको हित संरक्षण र समस्या सम्बोधन गर्न प्रदेश सरकार र सङ्घीय सरकार सँग समन्वय र सहकार्य गरिनेछ।

झ. जातिय विभेद तथा छुवाछुत अन्त्यको लागि कानूनी कक्षा जस्ता जनचेतनामुलक अभियानहरु सञ्चालन गरिनुका साथै लक्षित कार्यक्रमहरुलाई व्यवस्थित बनाइने छ।

ञ. बालबिवाहको न्यूनीकरणका साथै बाल श्रम मुक्त पालिका घोषण गर्नको लागि विभिन्न अभियान सञ्चालन गरिने छ ।

ट. लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विद्यमान कानूनी व्यवस्था, अवसरहरुको विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुका साथै विभिन्न दिवसिय कार्यक्रमहरु सञ्चालन गरिने छ ।

ठ. लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशिकरण रणनीति तयार गरी परिक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**ङ) जनसंख्या व्यवस्थापन नीतिः**

क. "सानो परिवार सुखी परिवार" को नारालाई अगाडि बढाउँदै जनसंख्या व्यवस्थापनको नीति लिइएको छ ।

ख. यस पालिका भित्र बसाइसराई गरि आउनेलाई प्रोत्साहन गरिने छ।

**च) यूवा तथा खेलकुद नीतिः**

क. "एक वडा, एक खेल मैदान" निर्माणको लागि कर्णाली प्रदेश सरकार र नेपाल सरकारसँग विशेष पहल गरिने छ ।

ख. खेलकुद तथा अन्य क्रियाकलापहरु सञ्चालन गरि युवाहरु बिच प्रतिस्पर्धात्मक भावनाको विकास गरिनेछ ।